# भोटखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

## Term of Reference (TOR)

### GESI रणनीति योजना तथा GBV प्रभावितलाई समुदायमा आधारित सिफारिस संयन्त्र सम्बन्धी SOP मार्गदर्शन निर्माणका लागि बाह्य परामर्शकर्ता/फर्म छनौट

**१. पृष्ठभूमि (Background)**

भोटखोला गाउँपालिका, गाउँकार्यपालिलकाको कार्यालय, महिला वालवालिलका तथा ज्येष्ठ नागरिक शाखाद्धारा संचालित **"लैङ्गिक हिंसा रोगथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहुँच परियोजना"** मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion – GESI) लाई संस्थागत गर्दै लैङ्गिक हिंसा (Gender-Based Violence – GBV) को रोकथाम, प्रतिकार्य तथा पीडित—प्रभावितलाई बहुपक्षिय सेवाहरु सुरक्षित र गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक ठानेको छ। तसर्थ यस उद्देश्यका लागि GESI रणनीति योजना तथा GBV प्रभावितलाई समुदायस्तरमै प्रभावकारी सेवा पहुँच सुनिश्चित गर्न **समुदायमा आधारित सिफारिस (Referral) संयन्त्र सम्बन्धी SOP निर्देशिका** निर्माण गर्नु आवश्यक भएकोले योग्य वाह्य परामर्शकर्ता वा परामर्श फर्म छनौट गर्न यो TOR तयार गरिएको हो।

**२. उद्देश्य (Objectives)**

- स्थानीय सन्दर्भ अनुकूल GESI पालिकाको रणनीति योजना तयार गर्ने ।
- GBV प्रभावितलाई समुदायमा आधारित सिफारिस संयन्त्र सम्बन्धी निर्देशिका तयार गर्ने ।
- राष्ट्रिय नीति, ऐन, नियमावली र अन्तर्राष्ट्रिय अभ्याससँग मेल खाने SOP तयार गर्ने

**३. कार्यक्षेत्र (Scope of Work)**

परामर्शकर्ता/फर्मले निम्न कार्यहरू सम्पादन गर्नु पर्नेछः

- सम्वन्धित नीति, ऐन, कार्यविधि र स्थानीय अभ्यासहरूको अध्ययन
- सरोकारवालाहरूसँग परामर्श (स्थानीय सरकार, महिला/वालबालिका सेवा प्रदायक, स्वास्थ्य संस्था, सुरक्षा निकाय, समुदाय प्रतिनिधि आदि)
- GESI स्थिति विश्लेषण तथा Gap Analysis
- **GESI रणनीति योजना** (लक्ष्य, रणनीति, क्रियाकलाप, GBV सम्बोधन सम्वन्धी सूचक सहित, कार्यान्वयन र अनुगमन संयन्त्र सहित) तयार गर्नु
- **GBV प्रभावितलाई समुदायमा आधारित सिफारिस संयन्त्र सम्बन्धी SOP** तयार गर्नु, जसमा समावेश हुनेछः
  - केस पहिचान प्रक्रिया
  - गोपनीयता र सुरक्षा मापदण्ड
  - सिफारिस मार्ग (Referral Pathway)
  - सेवा प्रदायकको भूमिका र जिम्मेवारी
  - अभिलेख व्यवस्थापन
  - अनुगमन तथा प्रतिवेदन प्रणाली
- प्रारम्भिक मस्यौदा प्रस्तुत गरी सरोकारवालाबाट सुझाव संकलन
- अन्तिम प्रतिवेदन तथा SOP मार्गदर्शन पेश गर्नु

**४. अपेक्षित नतिजा (Expected Outputs)**

- GESI रणनीति योजना (नेपाली भाषामा)

फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत

- GBV प्रभावितलाई समुदायमा आधारित सिफारिस संयन्त्र सम्बन्धी SOP मार्गदर्शन नेपाली भाषा
- Stakeholder Consultation प्रतिवेदन
- अन्तिम प्रतिवेदन (Soft copy तथा Hard copy)

**५. कार्य अवधि (Duration of Assignment)**

यस परामर्श कार्यको अवधि अधिकतम ३ महिना रहनेछ।

**६. परामर्शकर्ता/फर्मको योग्यता (Qualification & Experience)**

**व्यक्तिगत परामर्शकर्ताका लागिः**

- सामाजिक विज्ञान, लैङ्गिक अध्ययन, मानव अधिकार वा सम्बन्धित क्षेत्रमा कम्तीमा स्नातकोत्तर गरेको ।
- GESI तथा GBV क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको ।
- SOP, रणनीति वा कार्यविधि निर्माणमा दक्ष अनुभव भएको ।
- स्थानीय सरकारसँग काम गरेको अनुभवलाई प्राथमिकता दिने ।

**परामर्श फर्मका लागिः**

- कम्पनि दर्ता प्रमाणपत्र
- मु. अ. कर दर्ता प्रमाणपत्र
- आ. ब. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र
- GESI/GBV सम्वन्धी नीति, रणनीति वा SOP विकासमा प्रमाणित अनुभव भएको ।
- अनुभवी विशेषज्ञ टोली (Team Leader, GESI Expert, GBV Expert)

**७. प्रतिवेदन तथा समन्वय (Reporting & Coordination)**

परामर्शकर्ता/फर्मले सम्पूर्ण कार्य भोटखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय/सम्बन्धित शाखा सँग समन्वय गरी सम्पन्न गर्नेछ र अन्तिम प्रतिवेदन पेश गर्नेछ।

**८. भुक्तानी व्यवस्था (Payment Schedule)**

भुक्तानी कार्यप्रगतिको आधारमा गरिनेछः

- ३०% — प्रारम्भिक प्रतिबेदन पेश गरे पछि
- ४०% — मस्यौदा प्रतिवेदन पेश गरेपछि
- ३०% — अन्तिम प्रतिवेदन स्वीकृत भएपछि

**९. बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Rights)**

यस परामर्शबाट तयार भएका सम्पूर्ण सामग्रीको स्वामित्व भोटखोला गाउँपालिकामा रहनेछ।

**१०. आवेदन प्रक्रिया (Application Procedure)**

इच्छुक परामर्शकर्ता/फर्मले निम्न कागजातहरू पेश गर्नुपर्नेछः

- प्राविधिक प्रस्ताव
- कार्यविधि तथा कार्यतालिका
- अनुभव तथा योग्यता विवरण
- वित्तीय प्रस्ताव

फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत